मर्कन्टाईल एक्सचेन्ज नेपाल लिमिटेड

जहाँ गर्छ राष्ट्रले कारोबार

आइ.एस.ओ. ९००१:२०१५ बाट मान्यता प्राप्त एक्सचेन्ज

# ग्राहक

## अ. ग्राहक हुनका लागि चाहिने योग्यताहरु

**सामान्य वस्तु/उत्पादका लागि (फ्युचर्स,स्पट र अप्सन)**

क) ग्राहक हुन सक्ने

- व्यक्तिको हकमा १८ वर्ष वा सो भन्दा माथिको उमेर पुगेको (व्यक्तिगत खाता)।
- दुई व्यक्तिहरुको लागि दुवैको नाउँमा संयुक्त वैंक खाता भएको (संयुक्त खाता) ।
- संस्थाको लागि (संस्थाको खाता) ।

ख) ग्राहक आफू नै एक सब-ब्रोकरका रुपमा दर्ता हुन अनुमति दिइएको छ ।

**भौतिक हस्तान्तरण हुने वस्तुहरुमा कारोबार गर्नका लागि**

क) १० ग्राम सुन, १००० ग्राम चाँदी, १ के.जी. चाँदी, EGGM र EGGL का लागि

- व्यक्ति वा संस्था ग्राहक बन्न सक्छन् ।
- सुनका लागि, मेक्ससँग सम्बन्धित कुनै पनि बैंकमा खाता खोलेको हुनुपर्नेछ । चाँदीका लागि, अनिवार्य रुपमा सेन्चुरी कमर्सियल बैंक लिमिटेडमा आफ्नो खाता खोलेको हुनुपर्नेछ । EGGM र EGGL का लागि, अनिवार्य रुपमा बैंङ्क अफ काठमाडौं वा eSewa मा आफ्नो खाता खोलेको हुनुपर्नेछ ।

ख) २० के.जी. चाँदीका लागि

- प्यान कार्ड भएको व्यक्ति वा संस्था ग्राहक बन्न सक्छन्

- कुनै पनि ग्राहकले यसमा कारोबार गर्नका लागि अनिवार्य रुपमा सेन्चुरी कमर्सियल बैंक लिमिटेडमा आफ्नो खाता खोलेको हुनुपर्नेछ । यस करारमा करोबारको लागि ग्राहकहरुलाई स्वीकृत वा अस्वीकृत गर्ने निर्णय बैंकमा नीहीत रहनेछ ।

## आ. दर्ता हुने प्रक्रिया

यदि माथिका योग्यताहरु पूरा भएको छ भने, निवेदक ग्राहकका रुपमा दर्ता हुन योग्य छ र निवेदकले दर्ता हुनका लागि तल उल्लेख दुई प्रक्रिया मध्ये कुनै एकको पालना गर्न सक्छ:

**१. अनलाईनबाट दर्ता हुने प्रक्रिया (व्यक्तिगत खाताका लागि मात्र)**

जुनसुकै स्थानमा रहेका निवेदकले पनि आफ्नो ब्रोकर अन्तर्गत् दर्ता हुनका लागि क्लियरिङ्ग हाउसको वेबसाइटमा लग ईन गर्नु पर्छ ।

हिमालयन क्लियरिङ कर्पोरेशन प्रा.लि. www.hclearcorp.com

निवेदकहरुले अनलाईनमा फारम भर्नुका साथै सबै आवश्यक कागजातहरु अपलोड पनि गर्न सक्नेछन् । यसको प्रक्रिया पूरा गरिसके पछि निवेदकले सो को जानकारी फोन मार्फत् ब्रोकरलाई दिनुपर्छ ।

ब्रोकर र क्लियरिङ्ग हाउसले फारम र अन्य कागजातको डिजिटल प्रतिलिपि आफ्नो रेकर्डमा राख्न सक्नेछन् । साथै, ग्राहकले पनि डिजिटल प्रतिलिपि राख्न सक्नेछ वा आफ्नो रेकर्डका लागि प्रिन्ट गर्न सक्छ ।

ग्राहकको मूल फारम र कागजातहरु ब्रोकरले क्लियरिङ्ग हाउसलाई पठाउनुपर्दैन ।

## २. अफलाईनबाट दर्ता हुने प्रक्रिया

ग्राहक अफलाईनबाट पनि दर्ता हुन सक्छ । त्यसका लागि ग्राहकले ब्रोकरसँग रहेको वा मेक्स/सी.एच.को वेबसाइटमा उपलब्ध "ग्राहक दर्ता फारम" भर्नु आवश्यक छ ।

- निवेदकले ग्राहक दर्ता फारम भर्नुपर्छ र अन्य आवश्यक कागजातसँग फारम आफ्नो ब्रोकरलाई बुझाउनुपर्छ । [ग्राहकले पेश गर्नुपर्ने/भर्नुपर्ने कागजातहरुको सूची हेर्नुहोला]
- प्राप्त भएको कागजातको सबै विवरण ठिक छ छैन भन्ने प्रमाणित गरिन्छ र यदि कुनै छुटेको वा गलत भरिएको छ भने निवेदकले गल्ती सच्चाई बुझाउनेछ ।
- ग्राहक दर्ता फारमको विवरण ब्रोकरले कायम गरेको रजिस्टरमा भर्नुपर्छ ।
- ब्रोकरले प्राप्त गरेको फारम र अन्य कागजात क्लियरिङ्ग हाउसकहाँ पठाउनुपर्छ । ब्रोकरले दर्ता फारम स्वीकृत गरेपछि मात्र क्लियरिङ्ग हाउसलाई कागजातहरु पठाउनुपर्छ ।
- क्लियरिङ्ग हाउसले फारम पाउने बित्तिकै, त्यसको प्राप्त भएको सूचना ब्रोकरलाई पठाउनुपर्छ । यस्तो कागजातहरु क्लियरिङ्ग हाउसको अनुपालन विभागका कर्मचारीले मात्र लिनुपर्दछ र सो प्राप्त गरेको मिति र समय रेजिस्टरमा भर्नुपर्छ ।
- यदि फारम वा अन्य कागजातहरुमा कुनै कमी छ वा उल्लेख गर्नुपर्ने कुनै विवरण छुटेको छ भने त्यसको जानकारी क्लियरिङ्ग हाउसले ब्रोकरलाई गर्नुपर्दछ र सो विवरण ठिक/पूरा गराउनुपर्छ ।
- प्रमाणिकरण पछि सबै आवश्यकताहरु पूरा भएको छ भने, क्लियरिङ्ग हाउसले ग्राहकको फारम अनुमोदित गर्छ र ग्राहक कोड जारी गर्नेछ ।

<u>द्रष्टव्य :</u>

- ✓ उपत्यका बाहिर बसोबास गरेको ग्राहकको मूल फारम क्लियरिङ्ग हाउसकहाँ बुझाउनका लागि ब्रोकरलाई दुई हप्ताको समय दिइनेछ ।
- ✓ यस्ता फारमहरु क्लियरिङ्ग हाउसको अनुपालन विभागले सुरक्षित हिरासतमा कायम राख्नेछ ।

- ✓ प्रस्तुत गरेका फारम र अन्य कागजातहरु गोप्य कागजातहरु हुन् र नेपाल सरकार र कानूनको लिखित निर्देशन नआएसम्म सो को खुलासा/जानकारी क्लियरिङ्ग सदस्य र ब्रोकरले कसैलाई कहिले पनि दिनुहुँदैन ।

नोटः

- क्लियरिङ्ग सदस्य अन्तर्गत दर्ता भएका ब्रोकरहरुले पनि आफ्नो क्लियरिङ्ग सदस्य मार्फत क्लियरिङ्ग हाउससँग सम्पर्क गरी माथि उल्लेखित नियम तथा प्रक्रियाको पालना गर्नु पर्नेछ ।
- क्लियरिङ्ग सदस्यले दर्ता गराएका ग्राहकहरुले पनि आफ्नो क्लियरिङ्ग सदस्यसँग सम्पर्क गरी माथि उल्लेखित नियम तथा प्रक्रियाको पालना गर्नु पर्नेछ ।